बैठक संख्या-०२/२०८१/०८२

आर्ज मिति २०८१/०८/०२ गते आइतवारका दिन यस रतुवामाई नगरपालिका, सिजुवा, मोरङ्गका नगर प्रमुख श्री नागेश्वर प्रसाद सिंह गन्गाईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

| क.सं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंह गन्गाई | नगर प्रमुख | |
| २. | श्री दमयन्ता देवी चुडाल | नगर उप-प्रमुख | |
| ३. | श्री घनश्याम गिरी | १ नं. वडाध्यक्ष | |
| ४. | श्री जिमारत मियाँ | २ नं. वडाध्यक्ष | |
| ५. | श्री देवी लाल ताजपुरिया | ३ नं. वडाध्यक्ष | |
| ६. | श्री महावीर प्रसाद गन्गाई | ४ नं. वडाध्यक्ष | |
| ७. | श्री सोमनाथ कार्की | ५ नं. वडाध्यक्ष | |
| ८. | श्री टेक बहादुर लिम्बु | का.वा.वडाध्यक्ष-६ | |
| ९. | श्री राम कार्की | ७ नं. वडाध्यक्ष | |
| १०. | श्री पुष्प बहादुर कार्की | ८ नं. वडाध्यक्ष | |
| ११. | श्री तारा भण्डारी | का.वा.वडाध्यक्ष-९ | |
| १२. | श्री भुल बहादुर कार्की | १० नं. वडाध्यक्ष | |
| १३. | श्री कल्याणी कुमारी ताजपुरिया | कार्यपालिका सदस्य | |
| १४. | श्री केचकनिया हरिजन | कार्यपालिका सदस्य | |
| १५. | श्री गीता कुमारी लिम्वु | कार्यपालिका सदस्य | गीता |
| १६. | श्री गोमा हस्दा सतार | कार्यपालिका सदस्य | |
| १७. | श्री ज्योती परियार | कार्यपालिका सदस्य | |
| १८. | श्री प्रेम बहादुर राई | कार्यपालिका सदस्य | |
| १९. | श्री लुखीराम हस्दा | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि बहादुर राई | कार्यपालिका सदस्य | |
| २१. | श्री संजय बहादुर राजलवट | सचिव(प्र.प्र.अ.) | |

Scanned with CamScanner

प्रस्तावहरुः

१. मकैको बिऊ खरिद सम्वन्धमा ।

निर्णय नं. १

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रतुवामाई नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्रका कृषक समूह तथा व्यवसायिक कृषि फर्म दर्ता गराई सक्रिय रुपमा रहेका कृषकहरुलाई मकै वालीको क्षेत्र विस्तारका लागि ५० प्रतिशत अनुदानमा हाइब्रिड मकैको बिऊ खरिद गरी वितरण गर्नको लागि यस नगरपालिकावाट विनियोजित बजेट रु.३९,५०,०००/- र अनुदानग्राही कृषक/फर्मको तर्फबाट रु. रु.३९,५०,०००/- गरी जम्मा रु.७९,००,०००/ वाट नेपालमा सूचीकृत भएका हाइब्रिड मकैको बिऊ प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद गर्ने भनि यस नगरपालिकाको कार्यालयको कार्यालयवाट ठेक्का नं. Rmun/NCB/Goods/01/2081/082, Supply and Delivery of Hybrid Maize Seeds का लागि मिति २०८१/०५/२८ गते प्रथम पटक प्रकाशित ३० दिने विद्युतीय बोलपत्र आह्वानको सूचनामा तोकिएको समयावधि मिति २०८१/०७/०४ गते भित्र कुनै पनि वोलपत्रदाताहरुले बोलपत्र पेश नगरेको हुँदा दोस्रो पटक मिति २०८१/०७/०६ गते पुन विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशन गरेकोमा वोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०७/२१ गते सम्ममा समेत कुनै पनि वोलपत्र पेश हुन नआएको साथै उक्त पायनियर प्रजातिको मकैको बिऊ बजारमा अभाव भई उपलब्ध समेत नभएको वुझिन आएको र हालसम्म बिऊ खरिद तथा वितरण गरी किसानले वाली रोपिसक्नु पर्नेमा खरिद समेत हुन नसकेको हुँदा पायनियर प्रजातिको मकैको विकल्पमा देहायको प्रजातिको मकैको बिऊ छनौट गरी सम्वन्धित सवै कृषक समूह, कृषि फर्म र कृषकलाई बढीमा ३ दिने सूचना प्रकाशन गरी जानकारी गराई प्रचलित कानून बमोजिम तत्काल खरिद गरी प्रक्रिया अघि बढाउने निर्णय पारित गरियो ।

नगरपालिकामा सूचीकृत भई छनौट गरिएको मकै प्रजातिको बिऊ

क. TX-369

ख. BIOSEED 9784

२. माथि उल्लेखि छनौट भएको प्रजातिको मकैको बिऊ तत्काल खरिद गरी वितरण गर्नु पर्ने भएको साथै नगरपालिकाको कार्यालयले २ पटक सम्म पनि राष्ट्रियस्तरको बोलपत्र आह्वान गर्दा समेत कुनै पनि बोलपत्रदाताहरुले बोलपत्र पेश नगरेको हुँदा सार्वजनिक खरिद ऐनको दफा १४ को उपदफा ४ख मा भएको व्यवस्था तथा सोही ऐनको दफा ६६ मा भएको विशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धी व्यवस्था वमोजिमको खरिद विधिबाट मकैको बिऊ खरिद गरी समय मै वितरण गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय पारित गरियो ।

Scanned with CamScanner